annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २३५, पृष्ठ ८ | काठमाडौं, शनिबार १९ पुस २०८२ | पौष शुक्लपक्ष पूर्णिमा, नेपाल संवत् ११४६ | SATURDAY, JANUARY 3, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# कचिंगलले कांग्रेस संकटको डिलमा


## संस्थापनको निर्णय वैशाखमा, महामन्त्रीको अडान पुसमै विशेष महाधिवेशन

सभापति शेरबहादुर देउवा पक्षले पार्टीको १५औं महाधिवेशन चुनावपछि अर्थात् वैशाख २८ देखि ३१ सम्म काठमाडौंमा गर्ने निर्णय गर्‍यो । तर, उक्त निर्णयमा असहमति जनाउँदै महामन्त्री गगन थापा र विश्वप्रकाश शर्मा समूहले पुसमै विशेष महाधिवेशनको अड्डी कसेको छ । महाधिवेशनको यो रन्कोले कतै कांग्रेसको इतिहास संकटमा त पर्ने होइन भन्ने राजनीतिक विश्लेषण पनि गर्न थालिएका छन् ।

समाचार पृष्ठ २

राधा खनाल | *काठमाडौं*


– को रिपोर्ट



भित्री पृष्ठ



आन्दोलन रुचाउँदैन अस्ट्रेलिया - पृष्ठ ३



बस कि नबस ? - पृष्ठ ४



त्यो कुरा कसैलाई नभन्नू है ! - पृष्ठ ५




कर्णाली सरकारको बजेट खर्च ५ महिनामा ९ प्रतिशत मात्रै - पृष्ठ ७

# मतदाता नामावली छाप्न सुरु, आउँदो सातादेखि मतपत्र छापिँदै

राजकरण महतो | *काठमाडौं*

निर्वाचन आयोगले मतदाता नामावली र मतपत्रको छपाइ कार्य शुरु गरेको छ। फागुन २१ गते निर्धारित चुनावका लागि आयोगले मतदाता नामावली छपाइको काम शुक्रबारबाट थालेको हो। कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले एक कार्यक्रमबीच मतदाता नामावली छपाइको कामको शुरुवात गरेका हुन्। मतदाता नामावली विवरण रंगीन छापिएको छ। आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले माघ ४ गतेभित्र मतदाता नामावली पत्र जिल्ला जिल्लामा पठाइसक्ने बताए। यसअघि नै प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आयोगले १ करोड ८९ लाख ३ हजार ६ सय ८९ मतदाताको नामावली प्रकाशन गरिसकेको छ।



**छपाइ भएको मतदाता नामावली निरीक्षण गर्दै कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी।** ● अशोक दुलाल

### चार करोड मतपत्र छापिने

आयोगले चुनावका लागि चार करोड प्रति मतपत्र छाप्ने तयारी गरेको छ। प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणालीका दुई–दुई करोड प्रति मतपत्र छपाइ गर्ने तयारी गरेको छ। १ सय १० सिट समानुपातिक र १ सय ६५ सिट प्रत्यक्ष गरी २ सय ७५ सिटका लागि दुई थरी मतपत्रको छपाइ गर्ने आयोगको योजना छ। आयोगले मतदातको संख्याभन्दा दुई थरीका ६–६ प्रतिशत बढी संख्यामा मतपत्र छपाइ गर्नेछ। आउँदो साताबाट समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छापाइको काम प्रारम्भ हुँदैछ। जनक शिक्षा सामग्री केन्द्र लि. सानो ठिमी भक्तपुरमा मतपत्र छपाइ गर्ने तयारी गरिएको छ। पत्रकार सम्मेलनमार्फत आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए। 'आउँदो साताबाट समानुपातिकतर्फको निर्वाचनका लागि दुई करोड प्रति मतपत्र छपाइको सुरुवात गर्छौं,' उनले भने, 'मतपत्रको डिजाइ भइसकेको छ। सेतो कागजमा कालो रंगले मतपत्र छपाइ हुन्छ।' समानुपातिकतर्फको मतपत्रमा ५८ वटा दलका निर्वाचन चिह्न प्रयोग हुने उनले जनाए।

समानुपातिक निर्वाचन प्रणालीतर्फ १ सय १० सिटका लागि ६४ वटा दलले आयोगमा उम्मेदवारको बन्दसूची बुझाएका छन्। तीमध्ये ५४ दलले आ–आफ्नै छुट्टाछुट्टै निर्वाचन चिह्न प्रयोग गरेका छन् भने १० दलले ४ वटा निर्वाचन चिह्न साझा रूपमा प्रयोग गरी बन्दसूची दर्ता गराएका छन्।

बन्दसूची उपर पुस २० सम्म जाँचबुझ हुने आयोगले जनाएको छ। दलहरूले बुझाएको बन्दसूची थपघट नभए समानुपातिकतर्फको निर्वाचनका लागि ५८ वटा निर्वाचन चिह्न प्रयोग गरेर मतपत्र छपाइको काम हुनेछ। समानुपातिकतर्फ ५८ वटा निर्वाचन चिह्न प्रयोग हुनु मतदाताका लागि कमता चुनौती होइन्।

» बाँकी पृष्ठ ६

## जापानी संसद्मा महिला शौचालयको माग गर्दै प्रधानमन्त्री

टोकियो (एजेन्सी) : जापानकी प्रधानमन्त्री साने ताकाइची संसद् भवनमा महिलाका लागि पर्याप्त शौचालयको व्यवस्था गर्नुपर्ने मागमा सहभागी भएकी छन्। करिब ६० जना महिला सांसदले संसद्मा महिला शौचालय संख्या बढाउन माग गर्दै निवेदन दिएका छन्। विधायिकामा महिलाको प्रतिनिधित्व बढ्दै गएपछि यस्तो माग आएको हो।

अक्टोबर २०२४ को निर्वाचनपछि ४ सय ६५ सिटको तल्लो सदनमा कीर्तिमानी ७३ महिला सांसद निर्वाचित भएका छन्, जुन सन् २००९ मा कायम भएको ५४ जनाको अघिल्लो उच्च संख्याभन्दा बढी हो।

विपक्षी सांसद यासुको कोमियामाले संसद्को सत्र सुरु हुनुअघि महिला शौचालय अगाडि लामो लाइन लाग्ने गरेको बताइन्। उनले अर्की एक सांसदको भनाइ उद्धृत गर्दै भनिन्, 'सत्र सुरु हुनुअघि शौचालय जान नै छाडिदिएकी छु।'

प्लेनरी कक्ष नजिक दुई क्युबिकल मात्र भएको एउटा महिला शौचालय छ। यद्यपि, पूरै संसद् भवनमा २२ क्युबिकलसहित ९ वटा महिला शौचालय मात्र छन्। स्थानीय सञ्चारमाध्यमका अनुसार भवनभर ६७ स्टल र युरिनलसहित १२ वटा पुरुष शौचालय छन्।

# रनवे कटेर जहाज खोल्सामा, यात्रु सकुशल

पार्थ मण्डल | *झापा*

झापाको भद्रपुर विमानस्थलमा शुक्रबार साँझ करिब ९ बजे बुद्ध एयरको जहाज रनवे कटेर करिब २०० मिटर पर खोल्सामा पुगेको छ। अवतरण गर्ने क्रममा जहाज चालकको नियन्त्रणबाहिर गएपछि यो घटना भएको हो।

अवतरणका बेला जहाज रनवेको सुरुको छेउमा ल्यान्ड हुनुपर्नेमा बीच भागमा टचडाउन हुँदा रनवे अपुग भएको थियो। त्यसकै कारण जहाज रोकिन नसकी रनवे कटेर अगाडि बढेको चालक दलले विमानस्थल कर्मचारीलाई जानकारी दिए।

एन-एमएफ कलसाइन भएको एटीआर-७२ जहाजमा ४ जना क्रुमेम्बर र ५१ जना यात्रु थिए। जहाज रनवेबाट करिब २ सय मिटर अगाडि घाँसे मैदान हुँदै खोल्सीमा पुगेको झापाका प्रहरी प्रमुख एसपी राजन लिम्बुले बताए। उनका अनुसार सबै यात्रुको सकुशल उद्धार भइसकेको छ।

भाग्यवश जहाजका दुवै पँखेटामा कुनै क्षति पुगेन। पँखेटामा इन्धन भण्डारण हुने भएकाले त्यहाँ क्षति नपुग्दा आगलागी हुनबाट जोगिएको र ठूलो दुर्घटना टरेको विमानस्थल स्रोतले जनाएको छ। दुर्घटनाग्रस्त जहाजका यात्रु अर्जुनधारा नगरपालिकाका मेयर बलदेवसिंह गोम्देन तामाङले अवतरणको क्षण निकै भयावह रहेको बताए। उनले भने, 'ल्यान्ड गर्दा स्पिड रोकिएन। जहाज उबडखाबड हुँदै पल्टियो। सबै आत्तियौं। अगाडिको एक युवकले दौडिएर आएर ढोका लात्ताले फुटाएपछि हामी त्यहीँबाट हाम फाल्यौं।' उनका अनुसार पाँचथरका उमेश मोक्तानको साहसिक कदमले ठूलो मानवीय क्षति हुनबाट जोगिएको हो।





पार्थ मण्डल

घटनापछि भद्रपुर विमानस्थल अस्थायी रूपमा बन्द गरिएको छ। दुर्घटनाका कारण काठमाडौं उड्न लागेको यति एयरलाइन्सको जहाज पनि विमानस्थलमै रोकिएको छ, जसका यात्रु अलपत्र परेका छन्। बुद्ध एयरले घटनालगत्तै विज्ञप्ति जारी गर्दै प्राविधिक टोली भद्रपुर पठाउने तयारी गरेको जनाएको छ। घटनाबारे विस्तृत छानबिन भइरहेको छ।